# प्रभु येशू विश्वास गर्छु

१ प्रभु येशू विश्वास गर्छु खाली तपाईंमा
बिना दाम म पाऊँ भनेर छुट्कारा ।

२ क्षमा पाउन विश्वास गर्छु पर्छु चरणमा
पाउन तपाईंको अनुग्रह करूणा ।

३ शुद्ध हुन विश्वास गर्छु धुनुहोस् मलाई
आफ्नो रगतले सब पापको दाग मेटाई ।

४ अगुवाई पाउन विश्वास गर्छु डोऱ्याउनोस् मलाई
यात्राभरि चाहिँदो कुरा सब जुटाई ।

५ शक्ति पाउन विश्वास गर्छु तपाईंको अपार
मैले त्यो पाएर कहिल्यै खान्नँ हार ।

६ प्रभु येशू विश्वास गर्छु रहुँ म निडर ।
विश्वास गर्छु, सबको लागि सधैं भर ।

**बाइबल पद :** पत्रुसले तिनीहरूलाई भने, “पश्चाताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको बरदान पाउनेछौ । प्रेरित २:३८